अब नयाँ खबरकागज वेवसाइडमा पनि : www.nepalikhabar.com

'हरेक मंगलबार निष्पक्ष समाचार'

# नयाँ खबरकागज साप्ताहिक

NAYAKHABARKAGAJ WEEKLY

वर्ष : २७ अङ्क : ४० २०६७ असार १५ गते मंगलबार (Jun 29, 2010) मूल्य रू. ५/-

## झलनाथको झल्लु योजना

खबरकागज संवाददाता



काठमाडौं । सुन्दर आवरण र सौम्य वाणी कायम गर्ने एमाले अध्यक्ष झलनाथ खनाल यता आएर झल्लु नेताका रुपमा चित्रित देखिन्छन् । कटुवाल प्रकरणदेखि तीन बुँदे सहमतिसम्म र सहमतिको सरकारदेखि आफ्नै पार्टीको अन्तरविरोधसम्मका अनेक विषय सन्दर्भमा- कामरेड झलनाथका अभिव्यक्ति आफैंमा विवादास्पद र द्विविधा ग्रस्त रहेका छन् । यो हप्ता सबै ठीक हुन्छ, अब दुई तीन दिनमा सबै टुंगो लाग्छ भनेर महिनौं अघिदेखि भविष्यवाणी गर्ने झलनाथका अभिव्यक्ति स्वयम्मा झल्लु सावित भएका छन् । (बाँकी सात पेजमा)

## माओवादी घुमिफिरी फेरि उही ठाउँमा

# सरकार सदन र सडक नीति अस्पष्ट

खबरकागज संवाददाता

**काठमाडौं । एनेकपा माओवादी पार्टी- के हो, कस्तो हो र उसको आभ्यन्तरिक रणनीति के हो भन्ने बारेमा धेरैतिर विवाद छ, सन्देह छ । अरुहरुमा त्यस्तो आशंका भाव त छँदैछ, साथसाथै माओवादी दल स्वयमभित्र पनि कुनै नीतिगत, सिद्धान्तगत र प्रक्रियागत स्पष्टता देखिँदैन । गत साता लगभग आठ सय दिन लगाएर माओवादी पार्टीले पोलिटव्यूरो बैठक चलायो । त्यो बैठकले के के न चामत्कारिक आलंकारिक र सामयिक निर्णय लिने अपेक्षा तथा डंका पनि फिँजाइयो, फुकाइयो । तर भयो केही न केही- रह्यो उही र उस्तै शब्द जञ्जाल, वाक चाल अलमलको खेल ।**

सरकार आफ्नै पार्टीको नेतृत्वमा बनाउने, प्रधानमन्त्रीको नाम नतोक्ने तथा पार्टीले सडक, सरकार र सदनको तीन 'स' को कार्यक्रम संघर्षपूर्ण तवरमा चलाउने जस्ता कुरा गरेर राष्ट्रिय गम्भीरताका कुरालाई पूरै किनारा लगाएर ओझेलमा राख्ने काम गरेको छ । हाम्रा कतिपय राजनीतिक विश्लेषकहरूको विचारमा माओवादी पार्टी न हाँसको चाल, न कुखुराको चालमा आएको छ ।

बैठकले तीन स (सरकार, सदन र सडक) मोर्चालाई निरन्तरता दिने निर्णय गरेको छ । यो मोर्चा पार्टीको नेतृत्वमा सरकार बनाउन प्रयोग गरिने अर्को पोलिटव्यूरो सदस्यले जनाए । 'हाल तीन 'स'को मोर्चा नछाड्न निर्णय भयो'



उनले भने । माओवादीले आगामी बजेट अधिवेशन प्रभावित गर्ने गरी सदन



संघर्षका कार्यक्रम ल्याउने निर्णय गरेको बताइन्छ ।



माओवादीले करिब २० वर्षदेखि हुन नसकेको राष्ट्रिय महाधिवेशनको सट्टा केन्द्रीय विस्तारित बैठक गर्ने निर्णय गरेको छ । विस्तारित बैठक असोज पहिलो साता राजधानीमा हुनेछ । 'हाल महाधिवेशन स्थगन गरी विस्तारित बैठक गर्ने निर्णय भएको छ ।' पोलिटव्यूरो बैठकमा नयाँ कार्यदिशा तय गर्न महाधिवेशन गर्नुपर्ने माग नेताहरूले गरेका थिए । गत मंसिरको केन्द्रीय समिति बैठकले महाधिवेशन एक वर्ष स्थगनको निर्णय गरेको थियो । गत साउनको केन्द्रीय समिति बैठकले गत माघमा महाधिवेशन गर्ने निर्णय गरेको थियो ।

विस्तारित बैठकमा शान्ति र संविधानको बाटोबाट अघि बढ्ने कि जनविद्रोहको तयारी गर्ने भन्ने विशेष (बाँकी सात पेजमा)

## माकुने सरकार संकटमा

## सरकारी नीति धरापमा, बजेट अध्यादेशमा

खबरकागज संवाददाता

काठमाडौं । राष्ट्रिय सहमतिको सरकारका निम्ति आफू बाधक नबन्ने कुरा पटक-पटक दोहोऱ्याउँदै आए पनि प्रधानमन्त्री माधवकुमार नेपाल सहजै पद त्याग्न तयार छैनन् ।

असार १५ भइसक्दा पनि संसदको वर्षे अधिवेशन अन्यौलग्रस्त रहेको छ । यसले गर्दा नीति, कार्यक्रम, सरकारी धारणा तथा वार्षिक बजेट सबै अन्यौलपूर्ण रहेको छ । जेठको २५ गते नै वर्षे अधिवेशन डाक्ने भनेर सभामुख, प्रधानमन्त्री र राष्ट्रपति जति नै समुत्सुक रहे पनि अधिवेशन आह्वान गर्ने कुरा धरापमा परेको छ । दस दल अठार दल र बाइस दलले बाह्रथरी कुरा गरे पनि र जति नै डोरी बाँधे पनि काम कुरो तय भइरहेको छैन ।

राष्ट्रपति अवाक, प्रधानमन्त्री गम्भीर र सभामुख निष्क्रिय पारामा आ-आफ्नो



'पद लाभ' ग्रहण गरिरहेका छन् । राष्ट्र कता गइरहेको छ, राष्ट्रको नीति के हो, आगामी कार्यक्रम र कार्यविधि के हो कसैलाई मतलब छैन । मुलुक सचिव र (बाँकी सात पेजमा)

## माओवादी पीडितको पक्षधर माकुने

काठमाडौं । आफ्नो सरकार प्रमुख पदको विशिष्ट दायित्वको चौध महिनाभित्र केवल बाइस दललाई रिझाउन र माओवादीलाई फकाउन अभ्यस्त प्रधानमन्त्री माधवकुमार नेपाल अब माओवादी पीडित पक्षधर हुन पुगेका छन् ।

हालै प्रधानमन्त्री माकुनेले बालुवाटारमा माओवादी पीडितसँगको संवादमा अहिलेसम्म माओवादीमात्र पोषित भएको भन्ने कुरा बताउँदै अब आफू माओवादी पीडितको पक्षमा रहेको र उनीहरूको हितमा लाग्ने कुरा जनाएका (बाँकी सात पेजमा)

## गृहमन्त्री रावलको निरर्थक दौड

## मन्दिर अगाडि पनि गोली

काठमाडौं । विशेष सुरक्षा योजना विशेष प्रहरी संयन्त्र भन्दै राष्ट्रिय ढुकुटीबाट सुरक्षाका नाममा प्रशस्त खर्च गरे पनि गृहमन्त्री भीम रावलकोय शान्ति सुरक्षा दौड निरर्थक सिद्ध भएको छ ।

निकै लम्कीझम्कीका साथ शान्ति सुरक्षा सुधारको कुरा गर्ने गृहमन्त्री भीम रावल तथापि राज्यको सुरक्षा व्यवस्थालाई सुदृढ गर्न निरन्तर असफल भएका छन् । ठाउँ-ठाउँमा अपहरण, हिंसा, हत्या निरन्तर चलिरहेको छ । तराई आक्रान्त छ-जनकपुर निरन्तर असुरक्षाबाट त्रस्त छ । हुँदाहुँदा राजधानीमै अनेक हत्या, बम विष्फोट र गोली प्रहारका घटना बढेका छन् । (बाँकी सात पेजमा)



# कांग्रेसी नेताको सविनय जिकिर

खबरकागज संवाददाता

काठमाडौं । नेपाली कांग्रेसका एक नेता शोभाकर पराजुलीले माओवादीलाई सर्वसत्तावादी र बहुलवाद विरोधी आरोप त गरेका छन् तर उनको सविनय जिकिर यस्तो रहेको छः- मानिसलाई ज्यानको डर बढी नै हुन्छ । त्यसमा पनि माओवादीलाई बढी हुनु स्वाभाविक हो भन्ने उनीहरूका व्यवहारले देखाएका छन् । हामीहरू बन्दूक लिएर मानिस मार्न हिँडेनौं । अरुलाई मारेरमात्र आफू सुरक्षित हुने कल्पना गरेनौं । बन्दुक लिनेहरूसँग डराएर बन्दूक बोकेनौं । तर माओवादीलाई आफ्नो कुरा नमान्नेलाई मारौं-मारौं लाग्ने गरेकै हो । हजारौंले त्यही कारण ज्यान गुमाए । अरुले सुरक्षाको इन्तजाम नगरेको भए यो संख्या कति पो हुने थियो । के रानजीतिको लक्ष्य र हामी नियति यही हो त ? भन्नेमा हामी प्रष्ट हुनैपर्छ । माओवादीको एकदलीय सर्वसत्तावाद स्थापना नभएसम्म कथित अग्रगमनको हिंसात्मक यात्रा नसकिने र त्यसको विरोध गर्नेहरू सबै प्रतिगामी हुने अवस्था जनतालाई स्वीकार्य हुँदैन । यो जनविरोधी हो । अन्यथा अरुको बराबरी अस्तित्वलाई अस्वीकार गर्ने नीति मान्ने कि नमान्ने ? यो जनपक्षीय हो कि होइन ? त्यसलाई पहिलो सवाल बनाउन आवश्यक छ । यो प्रश्न माओवादीमा राख्न र जानकारी जनतामा पस्कन आवश्यक छ ।

## सचिवहरुको सामूहिक राजीनामा

काठमाडौं । केन्द्रीय सेक्रेटरियटका पचास जना जति सचिव र तीन सय जति सहसचिवको मोजमस्ती तथा केन्द्र रोवरवाफ विचित्र छ । यसबारे प्रधानमन्त्री र मन्त्रीहरूबाटै विरोध, खेद एवं कडा निर्देश पनि हुने गर्दछ ।

तर नेपालका लगभग चार हजार गाविसमा दुखभोग गरी न्यून सुविधामा उकाली-ओराली गर्ने गाउँ विकास समितिका सचिवहरूको हालत भने दर्दनाक र मार्मिक रहेको छ । उनीहरूले प्रत्यक्ष रुपमा ग्रामीण भेगका तथा खोलानाला उकाली ओरालीको परवाही नगरी जनसेवा गर्नुपर्ने स्थिति छ । तैपति गाविस सचिवहरू एकातिर केन्द्रीय प्रशासनको कोपभाजन, अर्कोतिर ग्रामीण जनताको सास्ती र अर्कोतिर माओवादीहरूको चन्दा (बाँकी सात पेजमा)

## राष्ट्रपतिद्वारा भोटो दर्शन

खबरकागज संवाददाता

ललितपुर । परम्परागत तथा क्षेत्रीयरुपमा कुर्था सुरुवाल र धोती कमेजको पहिरनमा देखिने नेपालका पहिला राष्ट्रपति डा. रामवरण यादवले अस्ति जाउलाखेलमा परम्परागत रातो मच्छेन्द्रनाथको यात्रामा 'भोटो दर्शन' गरे ।



नेपालका राजालाई भोटो देखाएर साँस्कृतिक देवता मच्छेन्द्रनाथको संस्मरण गर्ने र मौलिक एवं न्यायिक पहिचान गराउने यो पर्वमा राष्ट्रपति यादवद्वारा दर्शन गरिएको भोटोलाई कति श्रद्धालु दर्शनार्थीहरूले अस्वाभाविकरुपमा पनि लिए । तैपनि अत्यन्त कडा सुरक्षा तथा अत्यन्त अनास्थाका बाबजुद पनि भोटोजात्राको तामझामपूर्ण विशिष्ट यात्रा भयो ।